नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

०१-४२३३८७९
०१-४२५७७८३
फ्याक्स नं. ०१-४२२८२४०

पत्र संख्या: २०७६।७७
चलानी नं.: ३५८

मिति: २०७६।०६।१७

बिषय:- **सीप परीक्षण तथा अन्तरवार्ता सम्पन्न गर्ने सम्बन्धमा ।**

श्री सबै (७५३ वटै) स्थानीय तह

प्रस्तुत सम्बन्धमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) कार्यान्वयन गर्न प्रत्येक स्थानीय तहमा रहने सेवा केन्द्रमा रहेर कामकाज गर्न सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ अनुसार निम्न प्रदेशमा रहेका स्थानीय तहको लागि एम.आइ.एस. अपरेटर तथा फिल्ड सहायक पदको संक्षिप्त सूची प्रकाशन गरि यस विभागको website: www.donidcr.gov.np मा राखिएको छ । वेभसाइटमा राखिएको उक्त मापदण्डको दफा ९ अनुसार प्रत्येक स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालयले तोकेको अधिकृत प्रतिनिधि र सम्बन्धित स्थानीय तहको सूचना प्रविधि अधिकृत वा संयोजकले तोकेको प्रविधि सम्बन्धी दक्षता भएको व्यक्ति सदस्य रहने गरी अन्तरवार्ता समिति गठन हुन तथा स्वीकृत जनशक्ति छनौट सम्बन्धी मापदण्ड एवं यसैसाथ संलग्न कार्यविधि र प्रचलित कानून अनुसार एम.आइ.एस. अपरेटरको हकमा ३० पुर्णाङ्कको सीप परीक्षण र २० पुर्णाङ्कको अन्तरवार्ता तथा फिल्ड सहायकको हकमा ३० पुर्णाङ्कको अन्तरवार्ता लिई निम्न मिति भित्र मापदण्डको दफा १० बमोजिम अन्तिम योग्यताक्रम सूची प्रकाशन गर्ने व्यवस्था हुन अनुरोध छ ।

| क्र.सं. | प्रदेश नं. | विभागबाट website मार्फत संक्षिप्त सूची प्रकाशन मिति | संक्षिप्त सूची प्रकाशन भएको ४५ दिन भित्रमा स्थानीय तहवाट सीप परीक्षण तथा अन्तरवार्ता सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|
| १ | प्रदेश नं. १ | २०७६।०६।१४ | २०७६।०७।२८ |
| २ | प्रदेश नं. २ | २०७६।०६।१७ | २०७६।०८।०१ |
| ३ | प्रदेश नं. ३ | २०७६।०६।१७ | २०७६।०८।०१ |
| ४ | गण्डकी प्रदेश | २०७६।०६।१६ | २०७६।०७।३० |
| ५ | प्रदेश नं. ५ | २०७६।०६।१५ | २०७६।०७।२९ |
| ६ | कर्णाली प्रदेश | २०७६।०६।१४ | २०७६।०७।२८ |
| ७ | सूदुरपश्चिम प्रदेश | २०७६।०६।१४ | २०७६।०७।२८ |

२०७६।६।१७

दिपक काफ्ले
महानिर्देशक

**बोधार्थ तथा कार्यार्थ**

सवै (७७ वटै) जिल्ला प्रशासन कार्यालय, जिल्लाका स्थानीय तहमा गठन हुने अन्तरवार्ता समितिमा अधिकृत प्रतिनिधि तोकी पठाउनु हुन ।

# सीप परीक्षण तथा अन्तरवार्ता सम्बन्धी कार्यविधि, २०७६

निर्णय मितिः २०७६।०६।१४

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयन गर्ने सबै स्थानीय तहमा रहने सेवा केन्द्रमा आयोजना अवधिभरका लागि एम.आई.एस. अपरेटर र फिल्ड सहायक पदमा जनशक्ति सेवा करारमा लिने प्रयोजनको लागि "सेवा इकाइका लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६" अनुसार विभागबाट छनौट भई संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुको प्रत्येक स्थानीय तहमा रहने अन्तर्वार्ता समितिले निम्न अनुसारको कार्यविधि परिपालना गर्नुपर्नेछ।

१) एम.आइ.एस. अपरेटरको छनौट कार्यमा कम्प्युटर सीप परीक्षणका लागि स्वीकृत पाठ्यक्रम विभागको Website मा राखिएको छ। सोही पाठ्यक्रमका आधारमा उम्मेदवारको सीप परीक्षण गर्नुपर्ने।

२) सीप परीक्षणमा उम्मेदवारले पाएको अंकलाई छुट्टै सिलबन्दी गरी संयोजकको जिम्मामा राख्ने।

३) सीप परीक्षण तथा अन्तरवार्तामा ३५% भन्दा कम र ७०% भन्दा वढी अंक दिनु परेमा कैफियत खुलिएको हुनुपर्ने। अन्तरवार्तामा रहने सदस्यको कम्तिमा दुइतिहाई सदस्यले कैफियत खोली अंकन नगरेमा त्यस्तो अंकलाई न्यूनतम ३५% तथा अधिकतम ७०% अंक मानी मूल्याङ्कनको अन्तिम नतिजा कायम गर्ने।

४) विभागको Website मा संक्षिप्त सूची प्रकाशन भएको मितिले ४५ (पैतालिस) दिन भित्रमा स्थानीय तहले छनौट सम्बन्धी बाँकी कार्य पूरा गरी अन्तिम योग्यताक्रम सूची प्रकाशन गर्नुपर्ने। सो भन्दा बढी समय आवश्यक परेमा कारण सहित विभागमा लेख्ने र विभागबाट निर्णय भए अनुसार गर्ने।

५) सीप परीक्षण तथा अन्तरवार्ताको कार्य सम्पन्न हुन साथ अन्तरवार्ता समितिका संयोजकले विभागमा विकास गरिएको अनलाइन प्रविधिमा आधारित पदपूर्ति प्रणालीबाट उम्मेदवारले संक्षिप्त सूचीमा प्राप्त गरेको अंक गोप्य रुपमा प्राप्त गर्ने र कार्यविधि अनुसार सकेसम्म सोही दिन अन्तिम योग्यताक्रम सूची प्रकाशन गर्ने।

६) सीप परीक्षण तथा अन्तरवार्ता सम्बन्धी अन्य कार्यविधि आवश्यक भएमा अन्तरवार्ता समिति आफैले प्रचलित कानून अनुसार तय गरी कार्य गर्न सक्ने।

७) अन्तरवार्ता तथा सीप परीक्षण सम्बन्धी अन्य व्यवस्था सेवा इकाइको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ तथा अन्य प्रचलित कानून अनुसार हुने।

२०७६।६।१४

महानिर्देशक

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं